# धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल पुष महिना ११ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय भैरहवाबाट तपशिलमा उल्लेखित ऋणीले रियल स्टेट अधिविकर्ष कर्जा शिर्षक अन्तगर्त लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमका बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

## तपशिल

### ऋणीको विवरण

नाम : **तिरुपति मेटल इन्डष्ट्रिज प्रा.लि.** अख्तियार प्राप्त व्यक्ति : विकाश अग्रवाल
दर्ता नं. : १७७३५२/०७४/०७५
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं दर्ता मिति : २०७७/०८/१०
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला रोहिणी गा.पा. वडा नं. १ स्थायी लेखा नं. : ६०६८६१५६४

### व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) गिरधारी लाल अग्रवालको नाति विश्वनाथ अग्रवालको छोरा रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ६ बस्ने **विकाश अग्रवाल** (ना.प्र.नं. : ३७१०२३/४३६२० जारी मिति र जिल्ला : २०६७/१०/२०, रुपन्देही)

२) चिरन्जीबी लालको नाति गिरधारी लाल अग्रवालको छोरा रुपन्देही जिल्ला भैरहवा वडा नं. ५ हाल, सिद्धार्थनगर न.पा. वडा नं. ६ बस्ने **विश्वनाथ अग्रवाल** (ना.प्र.नं. : २६४२ जारी मिति र जिल्ला : २०३०/०९/२९, रुपन्देही)

३) छबिल दास अग्रवालको छोरी गिरधारी लाल अग्रवालको बुहारी विश्वनाथ अग्रवालको पत्नी रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ६ बस्ने **गायत्री देवी अग्रवाल** (ना.प्र.नं. : ३७-०१-७५-०८१४१ जारी मिति र जिल्ला : २०७५/०६/१०, रुपन्देही)

४) गिरधारी लाल अग्रवालको नाति विश्वनाथ अग्रवालको छोरा रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ६ बस्ने **बिक्रम अग्रवाल** (ना.प्र.नं. : ३७१०२३/४३६२१ जारी मिति र जिल्ला : २०६७/१०/२०, रुपन्देही)

५) पलटा चौधरीको नाति नन्दराम चौधरीको छोरा नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. ५ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला बर्दघाट न.पा. वडा नं. ५ बस्ने **योगेश सिंह थारु** (ना.प्र.नं. : ३६-०१-७५-००५४१ जारी मिति र जिल्ला : २०७५/०१/३०, नवलपरासी)

६) पलटा चौधरीको नाति नन्दराम चौधरीको छोरा नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. ५ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला बर्दघाट न.पा. वडा नं. ५ बस्ने **शरद चौधरी** (ना.प्र.नं. : ३६-०१-७२-००८२३ जारी मिति र जिल्ला : २०७२/०२/०५, नवलपरासी)

७) बाथु चौधरीको छोरी पलटा चौधरीको बुहारी नन्दराम चौधरीको पत्नी नवलपरासी जिल्ला बर्दघाट वडा नं. ५ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला बर्दघाट न.पा. वडा नं. ५ बस्ने **दुरपति थरुनी** (ना.प्र.नं. : ७९५८२ जारी मिति र जिल्ला : २०४५/०३/१६, नवलपरासी)

८) नन्दराम चौधरीको नातिनी जोग नारायण थारु चौधरीको छोरी नवलपरासी जिल्ला दाउन्नेदेवी गा.वि.स. वडा नं. ५ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला बर्दघाट न.पा. वडा नं. १४ बस्ने **मिना कुमारी चौधरी** (ना.प्र.नं. : ३६-०१-७१-०२७५३ जारी मिति र जिल्ला : २०७१/०५/१०, नवलपरासी)

९) लछन थारुको नाति पलटा चौधरीको छोरा नवलपरासी जिल्ला माकर वडा नं. ९ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला बर्दघाट न.पा. वडा नं. १४ बस्ने **नन्दराम चौधरी** (ना.प्र.नं. : ६२१४ जारी मिति र जिल्ला : २०४३/०३/०६, नवलपरासी)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८१/०७/१३ को हिमालय टाइम्स पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।
२) मिति २०८१/०८/२० को राजधानी राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (वि.क.धु.) |
|---|---|---|---|---|
| विश्वनाथ अग्रवाल | रुपन्देही जिल्ला सिद्धार्थनगर वडा नं. ६ | १०४०२३७०६ | १५१ | ०-२-१४.६९ |
| विकाश अग्रवाल | रुपन्देही जिल्ला मैनहिया वडा नं. ३ | ३ ख | ७२४ | ०-३-० |
| | | ३ ख | ६९९ | ०-१-० |
| | | १ ख | १९१ | ०-१-४ |
| नन्द राम चौधरी | नवलपरासी जिल्ला माकर वडा नं. ९ | ९ घ | १०१५ | ०-१९-५ |

### शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८१/०९/२६ गते शुक्रबार भित्र यस बैकको शाखा कार्यालय भैरहवा आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८१/०९/२८ गते आइतबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय भैरहवामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ